# स्रोत सुनिश्चितता र बहुवर्षीय आयोजना सम्बन्धी निर्देशिका, २०७७

प्रदेश सार्वजनिक निकायहरुबाट सञ्चालन हुने पूर्वाधार विकास सम्बन्धी खरिद कार्यलाई पूर्वानुमानयोग्य बनाउन एवम् सीमित स्रोत र साधनको अत्युत्तम परिचालन गर्न निश्चित मापदण्ड निर्धारण गरी विकास आयोजनाहरुको स्रोत सुनिश्चितता, आयोजनाको लागत अनुमान तथा निर्माण व्यवस्थापनमा वित्तीय जवाफदेहिता र अनुशासन कायम गरी महत्वपूर्ण आयोजनाहरु निर्दिष्ट समयावधि भित्र कार्यसम्पन्न गर्न बहुवर्षीय आयोजनाहरुको छनौट, स्वीकृति, प्राथमिकीकरण र स्रोत सुनिश्चितताका लागि निर्देशिका बनाउन वाञ्छनीय भएकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं.२ प्रदेश सरकारले यो निर्देशिका जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम, विस्तार र प्रारम्भः</u> (१) यस निर्देशिकाको नाम "स्रोत सुनिश्चितता र बहुवर्षीय आयोजना सम्बन्धी निर्देशिका, २०७७" रहेको छ ।

(२) यो निर्देशिका प्रदेश नं. दुईभर लागू हुनेछ ।

(३) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "आयोजना कार्यालय" भन्नाले बहुवर्षीय आयोजना कार्यान्वयन गर्ने निकाय वा कार्यालय सम्झनुपर्छ ।

(ख) "खरिद" भन्नाले प्रदेश सार्वजनिक निकायले खरिद सम्बन्धी प्रचलित कानून बमोजिम कुनै मालसामान, परामर्श सेवा वा अन्य सेवा प्राप्त गर्ने वा कुनै निर्माण कार्य गर्ने वा गराउने कार्य सम्झनुपर्छ ।

(ग) "मन्त्रालय" भन्नाले प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्दछ।

(घ) "बहुवर्षीय आयोजना" भन्नाले स्रोत वा समय व्यवस्थापनको दृष्टिकोले आयोजना सम्पन्न गर्न एक आर्थिक वर्ष भन्दा बढी समयावधि लाग्ने प्रकृतिका आयोजना वा खरिद कार्य सम्झनुपर्छ।

(ङ) "विषयगत मन्त्रालय" भन्नाले बहुवर्षीय आयोजना कार्यान्वयन गर्ने गराउने जिम्मेवारी भएका प्रदेश सरकारका मन्त्रालय वा सचिवालय वा आयोग वा कार्यालय सम्झनु पर्दछ।

(च) प्रदेश सार्वजनिक निकाय" भन्नाले प्रदेश सरकारका मन्त्रालय, प्रदेशस्तरका सचिवालय, आयोग वा कार्यालय सम्झनुपर्छ र सो शब्दले त्यस्ता मन्त्रालय, सचिवालय, आयोग वा कार्यालय अन्तर्गत स्थापित निर्देशनालय, कार्यालय वा त्यस्तो प्रकृतिको अन्य निकायलाई समेत जनाउछ।

(छ) "राष्ट्रिय वा प्रादेशिक महत्वको आयोजना" भन्नाले आयोजनाको प्राथमिकीकरण गर्दा पहिलो प्राथमिकतामा परेका वा नेपाल सरकार वा प्रदेश सरकार वा प्रदेश नीति तथा योजना आयोगले प्राथमिकता दिएका आयोजनाहरुलाई सम्झनुपर्दछ ।

३. **वहुवर्षीय आयोजनाको खरिद सम्झौताको लागि आधार तथा मापदण्ड:** देहाय बमोजिमका आधार पूरा भएको आयोजनालाई विषयगत मन्त्रालयले वहुवर्षीय खरिद सम्झौतामा लैजान प्रस्ताव गर्न सक्नेछः-

(क) विस्तृत आयोजना प्रतिवेदन तयार भएको,

(ख) वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परीक्षण वा दुवै गर्नुपर्ने आयोजनाको सो बमोजिम मूल्यांकन वा परीक्षण सम्पन्न भएको,

(ग) जग्गा प्राप्त गर्नु पर्ने अवस्थाको आयोजना भए जग्गा प्राप्तिको प्रक्रिया पूरा र सडक यातायातसम्बन्धी आयोजना भए जग्गा प्राप्तिको प्रक्रिया प्रारम्भ भएको,

(घ) राष्ट्रिय वा प्रादेशिक महत्वको आयोजनाका रुपमा रहेको,

(ङ) स्रोत सुनिश्चितता भएको(मध्यमकालीन खर्च संरचना निर्माण भए पश्चात सोमा उल्लेख भएअनुरुप),

(च) वैदेशिक सहायता संलग्न भएको आयोजनाका हकमा दातृ निकायसँग सम्झौता भै स्रोत सुनिश्चित भएको,

(छ) आयोजनाको दायित्व फरफारक गर्न कम्तीमा एक वर्ष भन्दा बढी समय लाग्ने अवस्था रहेको,

(ज) नेपाल सरकार वा स्थानीय तहसँग लागत साझेदारीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र अनुपात अनुरुप लगानीको रकम समेत सुनिश्चित भएको,

(झ) प्रत्येक बर्ष सञ्चालन हुने क्रियाकलाप र नतिजा झल्किने गरी खरिद गुरुयोजना स्वीकृत भएको,

(ञ) प्रचलित खरिद सम्बन्धी कानुनले निर्धारण गरेका प्रक्रिया तथा मान्यताको पालना गरिएको।

४. **वहुवर्षीय खरिद सम्झौता गर्न सकिने:**(१) देहायका अवस्थामा वहुवर्षीय खरिदको सम्झौता गर्नु पर्ने भएमा विषयगत मन्त्रालयले औचित्य सहित मन्त्रालयमा सहमति माग गर्न सक्नेछः-

(क) स्रोत र समय व्यवस्थापनको दृष्टिकोणले एक बर्षमा कार्यसम्पन्न गर्न नसकिने भएमा,

(ख) वहुवर्षीय सम्झौता गरी खरिद गर्दा सार्वजनिक निकायलाई सारभूत रुपमा लाभ हुने भएमा,

(ग) बहुवर्षीय खरिद सम्झौताको अवधिमा खरिदको लागत र परिमाणमा सारभूत रुपमा थपघट नहुने भएमा,

(घ) सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ लगायत प्रचलित कानून बमोजिमका प्रक्रियाहरु पूरा भएको ।

(२) उपदफा (१) बमोजिम विषयगत मन्त्रालयले वहुवर्षीय खरिद सम्झौता गर्न आवश्यक देखेमा सहमतिका लागि मन्त्रालयमा पठाउनु पर्नेछ र मन्त्रालयले दफा ५ बमोजिमको क्षेत्रगत मापदण्ड तथा अन्य आवश्यक पक्षहरुको विश्लेषण गरी सहमति उपलब्ध गराउन सक्नेछ ।

५. <u>क्षेत्रगत आधार तयार गर्न सकिने:</u> (१) आयोजनाको कार्य प्रकृति र कार्य क्षेत्र फरक-फरक हुने भएकाले विषयगत मन्त्रालयले आफ्ना क्षेत्रमा सञ्चालन हुने आयोजना तथा कार्यक्रमको क्षेत्रगत (विशेषीकृत) मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको क्षेत्रगत मापदण्डलाई अन्तिम रुप दिनुअघि मन्त्रालयबाट सहमति लिनुपर्नेछ ।

६. <u>सहमति लिनुपर्ने:</u> (१) दफा ३ बमोजिमका आधार तथा मापदण्ड पूरा भएका आयोजनाहरुलाई बहुवर्षीय खरिद सम्झौतामा लैजाने प्रयोजनका लागि विषयगत मन्त्रालयबाट निर्णय गरी मन्त्रालयमा सहमतिका लागि पठाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बहुवर्षीय खरिद कार्यको सहमतिका लागि पठाउँदा दफा ३ मा उल्लिखित विषयसँग सम्बन्धित कागजातको प्रतिलिपि समेत साथै राखी पठाउनु पर्नेछ ।

७. <u>सहमति दिनसक्ने:</u> (१) दफा ६ बमोजिम बहुवर्षीय आयोजना खरिद सम्झौताका लागि विषयगत मन्त्रालयबाट सहमति माग भई आएका आयोजनाहरुलाई प्रदेश सरकारले अवलम्बन गरेको आर्थिक नीति, प्रदेश सरकारको प्राथमिकता, स्रोत साधनको अवस्था तथा सार्वजनिक हित एवं प्रतिफल समेत विचार गरी मन्त्रालयले सहमति दिन सक्नेछ ।

(२) मन्त्रालयले प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १८ बमोजिम प्रदेशको आर्थिक स्थिति र प्रदेश सञ्चित कोषमा जम्मा भएको रकमलाई आधार मानी बहुवर्षीय खरिद सम्झौता भएका आयोजनामा आंशिक वा पूर्ण रुपमा बजेट रोक्का वा नियन्त्रण गर्न सक्नेछ ।

८. <u>आयोजना प्राथमिकीकरण र बजेट सुनिश्चितता सम्बन्धी व्यवस्था:</u> (१)आयोजना कार्यालयले बहुवर्षीय आयोजना खरिद कार्यको सहमतिका लागि कार्य प्रारम्भ/प्रस्ताव तयार गरी निर्णयका लागि सम्बन्धित तालुक मन्त्रालयमा सिफारिस गर्नुपर्नेछ ।

(२) विषयगत मन्त्रालयले बहुवर्षीय खरिद प्रक्रियाका लागि आयोजना छनौट गर्नु अघि वा स्रोत सुनिश्चितताका लागि प्रस्ताव पेश गर्नु अघि प्रदेश नीति तथा योजना आयोगसँग समन्वय गरी प्राथमिकता सूचकका आधारमा आयोजनाको प्राथमिकीकरण गर्नु पर्नेछ ।

(३) विषयगत मन्त्रालयबाट स्रोत सुनिश्चितताका लागि माग भई आएका राष्ट्रिय वा प्रादेशिक महत्वको आयोजना एवं पहिलो प्राथमिकता प्राप्त आयोजनाहरुमा प्रदेश सरकारले अवलम्बन गरेको आर्थिक नीति, प्रदेश सरकारको प्राथमिकता, स्रोत साधनको अवस्था तथा सार्वजनिक हित एवं प्रतिफल समेतको विश्लेषण गरी बहुवर्षीय आयोजनाको रुपमा मन्त्रालयले स्रोत सुनिश्चित गर्नेछ ।

(४) विषयगत मन्त्रालयलाई प्रत्येक वर्षको प्राप्त बजेटको सीमा मध्ये बहुवर्षीय खरिद सम्झौता भएका र कार्यान्वयनमा रहेका आयोजनाका लागि बजेट व्यवस्था गरी बाँकी रकम मात्र नयाँ आयोजनामा प्रस्ताव गर्नुपर्नेछ ।

(५) विषयगत मन्त्रालयले गत र चालु आर्थिक बर्षमा स्रोत सुनिश्चित भएका आयोजनाहरुको लगत राख्नुपर्नेछ र नयाँ आयोजनाको स्रोत सुनिश्चितताको लागि मन्त्रालयमा पठाउनुअघि लगतका आधारमा पहिले स्वीकृत बहुवर्षीय आयोजनाहरुलाई समेत निरन्तरता दिन सकिने गरी आगामी आ.व.को लागत समेत बजेट सीमा भित्रै पर्नेगरी अनुमान गर्नु पर्नेछ ।

९. **प्रगति प्रतिवेदन एवम् अनुगमन मुल्याङ्कनः** (१) आयोजना कार्यालयले बहुवर्षीय आयोजनाको आवधिक एवम् वार्षिक रुपमा भौतिक र वित्तीय प्रगति मूल्याङ्कन प्रतिवेदन तयार गरी तालुक मन्त्रालय र मन्त्रालयमा समेत पेश गर्नु पर्नेछ ।

(२) मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगले आवश्यकता अनुसार बहुवर्षीय आयोजनाहरुको अनुगमन एवम् मूल्याङ्कन गर्नेछ ।

१०. **निर्देशन गर्न सक्नेः** मन्त्रालयले बहुवर्षीय आयोजना खरिद सम्झौता सम्बन्धमा निर्देशिकामा उल्लेख भएका विषय बाहेक अन्य विषयमा विषयगत मन्त्रालयलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

११. **बाधा अड्काउ फुकाउने अधिकारः** यो निर्देशिका कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा भएमा वा बाधा उत्पन्न भएमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार मन्त्रालयलाई हुनेछ ।

१२. **निर्देशिका लागू हुनेः** (१) यो निर्देशिका आर्थिक वर्ष २०७६।७७ देखि खरिद सम्झौता भई कार्यान्वयनमा जाने बहुवर्षीय आयोजनाहरुको हकमा लागु हुनेछ ।

(२) यो निर्देशिका प्रारम्भ हुनुअघि बहुवर्षीय खरिद सम्झौता वा स्रोत सुनिश्चित भएका बहुवर्षीय आयोजनाहरुको हकमा पनि यो निर्देशिका लागू हुनेछ।

१३. **यसै निर्देशिका बमोजिम हुने** यस निर्देशिकामा लेखिएका कुरामा हकमा यसै निर्देशिका बमोजिम र अन्य कुराका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।